
## जाइकाको पुनरुत्थान तथा पुनर्स्थापना सम्बन्धी हाल जारी तथा सम्पन्न परियोजनाहरूको सूची

| परियोजनाको शीर्षक | समयावधि | योगदान रकम |
|---|---|---|
| आपतकालीन आवास पुनर्निर्माण | डिसेम्बर २०१५ - मार्च २०२१ | ९.६ करोड अमेरिकी डलर (ऋण) |
| आपतकालीन विद्यालय पुनर्निर्माण | डिसेम्बर २०१५ - अगष्ट २०१९ | ११.२ करोड अमेरिकी डलर (ऋण) |
| विद्यालयहरूको आपतकालीन पुनर्निर्माण | अगष्ट २०१५-सेप्टेम्बर २०१६ | २० लाख अमेरिकी डलर (अनुदान) |
| संक्रमणकालीन परियोजना कार्यन्वयन आपतकालीन पुनर्निर्माण परियोजनाहरूको लागि सहयोग | अगष्ट २०१५ - मार्च २०१७ | ५५ लाख अमेरिकी डलर (प्राविधिक सहयोग) |
| नेपालमा भूकम्प पश्चातको पुनर्निर्माण तथा पुनरुत्थान | जुन २०१५ - डिसेम्बर २०१९ | १ करोड ६० लाख अमेरिकी डलर (प्राविधिक सहयोग) |
| नेपालमा भूकम्प पश्चातको पुनर्स्थापना तथा पुनरुत्थान (उप-परियोजनाहरू) | फेब्रुअरी २०१६ - जुन २०१९ | ३ करोड २० लाख अमेरिकी डलर (अनुदान) |
| काठमाडौं उपत्यकाको भूकम्पको जोखिम मूल्याङ्कन | अप्रिल २०१५ - अप्रिल २०१८ | ५० लाख अमेरिकी डलर (प्राविधिक सहयोग) |
| काठमाडौं तथा पाटन दरबार क्षेत्रमा सम्पदा पुनर्स्थापना | जुलाइ २०१६ - जुलाइ २०२१ | करिब ३७ लाख अमेरिकी डलर (समकक्षी कोष) |
| नेपालको हिमालयमा महाभूकम्प र विपद् न्यूनीकरणसम्बन्धी एकीकृत अनुसन्धान | अगष्ट २०१६ - जुलाइ २०२१ | ३० लाख अमेरिकी डलर (प्राविधिक सहयोग) |

## भूकम्पबाट पुनरुत्थानका लागि जाइकाले प्रदान गरेको सहयोगको चित्रण




## आवास



**२,१५७** डकर्मी, **८९४** इन्जिनियर र **६,५१८** घरधनीहरू तालिम प्राप्त, **१९,९६०** सहभागीहरू सामुदायिक बैठकमा भाग लिएका


(चैत्र, २०७४ सम्ममा)



**५४,४४३** लाभग्राहीहरूमध्ये **४०,८३९ (७५%)** घरधुरीले निर्माण सुरु गरेको र **१७,१२३ (३१.५%)** ले निर्माण गरिसकेको ।

(फाल्गुन, २०७४ सम्ममा)

## विद्यालय




आपतकालीन पुनर्स्थापना अनुदानको माध्यमबाट **३** जिल्लामा **१८४ कक्षाकोठाहरूको** (भित्ता,झ्याल, ढोका आदि) **मर्मतसम्भार**



कुल **२३७ विद्यालयहरू** पुनर्निर्माण हुनेछन् (चरण १ मा **८३ विद्यालय**, र चरण २ मा **२७ विद्यालय** तथा ३ मा करिब **१२७ विद्यालयहरू**)

(चैत्र, २०७४ सम्ममा)

## शीघ्र प्रभाव परियोजनाहरू



**२७** वटा शीघ्र प्रभाव परियोजनाहरू मध्ये **११** वटा पुनर्निर्माण परियोजना र **५** वटा जीविकोपार्जन परियोजना सम्पन्न भइसकेका छन् ।

(चैत्र, २०७४ सम्ममा)



**१,५५६** भूकम्प पीडितहरूले तरकारी उत्पादन सीप, गुणस्तरीय बीउ उत्पादन तथा बाख्रापालन जस्ता जिविकोपार्जन सुधार्ने सहायताहरू प्राप्त गरेका छन् । तीमध्ये **८०%** महिला छन् ।

थप जानकारीको लागि

**जापान अन्तराष्ट्रिय सहयोग नियोग (जाइका) नेपाल**

नेशनल लाइफ इन्सुरेन्स भवन, तेस्रो तल्ला, लाजिम्पाट, काठमाडौं, नेपाल

Japan International Cooperation Agency

फोन नं.: ०१-४४२५६३६ फ्याक्स: ०१-४४२५६५८

इमेल : np_oso_rep@jica.go.jp

www.jica.go.jp/nepal/english

www.facebook.com/jicanepal

JICA
Japan International Cooperation Agency







अझ सुदृढ पुनर्निर्माण

# भूकम्पपछिको पुनरुत्थानका लागि नेपाललाई सहयोग

## उत्थानशील नेपालको निर्माण

## भूकम्पपछिको नेपालको पुनरुत्थानका लागि जाइकाको सहयोग -अझ सुदृढ पुनर्निर्माण

वि. सं. २०७२ बैशाख १२ मा नेपालको राजधानी काठमाण्डौं भन्दा करिब ७७ कि.मी. उत्तरपश्चिममा रहेको गोरखा जिल्लालाई केन्द्रविन्दु बनाएर ७.८ म्याग्नेच्युडको भूकम्प (स्रोत: यूएसजीएस) गयो । उक्त भूकम्प र त्यसपश्चात आएका पराकम्पन्हरूका कारण शिक्षा, आवास, सांस्कृतिक सम्पदा तथा अन्य विभिन्न क्षेत्रहरुमा ठूलो क्षति भयो । उक्त भूकम्पले गर्दा झन्डै ९००० मानिसको ज्यान गयो भने २२,००० मानिसहरू घाइते भए, ५ लाख भन्दा बढी घरहरू आंशिक वा पूर्ण रूपमा क्षति भए र ३० लाख मानिसहरू बेघर भए । उक्त भूकम्पले आवास, विद्यालय, अस्पताल, साँस्कृतिक सम्पदा, सडक जस्ता पूर्वाधारहरूमा क्षति मात्र नपुऱ्याएर मानिसहरूको जीविकोपार्जनका विकल्पहरू तथा स्थानीय अर्थतन्त्रमा पनि गम्भीर असर पाऱ्यो ।

लामो समयदेखि नेपालको विकास साझेदारको नाताले जापान अन्तराष्ट्रिय सहयोग नियोग (जाइका) ले पुनरुत्थान तथा पुनर्निर्माण कार्यमा अझ सुदृढ पुनर्निर्माण (Build Back Better) को सिद्धान्त अवलम्बन गर्दै नेपाललाई सहयोग गरिरहेको छ ।

### अझ सुदृढ पुनर्निर्माण

"अझ सुदृढ पुनर्निर्माण" (Build Back Better) विकासका कामहरूमा विपद्को जोखिम न्यूनीकरणलाई समाहित गरेर राष्ट्र तथा समुदायहरूलाई भविष्यका विपद्हरूप्रति थप उत्थानशील बनाउनका लागि विपद्लाई एउटा मौकाको रूपमा लिने मार्गनिर्देशक सिद्धान्त हो । यसले जीवनस्तर, वातावरण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउने र पुनर्निर्माणको माध्यमबाट पहिलेको कमजोरी नदोहोऱ्याउने उद्देश्य लिएको हुन्छ ।

(यूएनआइएसडिआर, वर्किङ टेक्स्ट अन टर्मिनोलोजी, २०१६)

### हाम्रो प्राथमिकताका क्षेत्रहरू

१ ग्रामीण आवास, विद्यालय, अस्पताल, साँस्कृतिक सम्पदाहरू तथा अन्य पूर्वाधारहरूको पुनर्निर्माण ।

२ साना सार्वजनिक सुविधाहरूको पुनर्बहाली तथा भूकम्प प्रभावितहरूको जीविकोर्पाजन सुधार गर्नका लागि शीघ्र प्रभाव परियोजना (Quick Impact Project) ।

३ काठमाण्डौं उपत्यकाको लागि उत्थानशीलता योजनाको विकास र जिल्ला पुनर्निर्माण योजनाको विकास ।

४ विपद् जोखिम मूल्याङ्कन तथा नेपालको विपद् जोखिम न्यूनीकरण क्षमता अभिवृद्धि ।

## विद्यालय

जाइकाले विद्यालयहरूको पुनर्स्थापना तथा पुनर्निर्माणलाई उच्च प्राथमिकता दिएको छ, किनभने पढाइको लागि अनुकुल वातावरणले बालबालिकाको भविष्यलाई सुरक्षित दिशातर्फ उन्मुख गराउँछ। भूकम्प गएको लगत्तै, जाइकाले आंशिक रूपमा भत्किएका विद्यालयहरूको पुनर्स्थापनाको लागि आपतकालीन सहयोग प्रदान गऱ्यो र कूल १८४ वटा कक्षाकोठाहरूको तदारुक्ताका साथ मर्मत गऱ्यो । हाल कार्यान्वयन भइरहेको परियोजनाले विपद् उत्थानशील विद्यालयहरूको पुनर्निर्माणलाई सहयोग गर्दछ र यस्ता पुनर्निर्माण जाइकाले तयार पारेको भूकम्प-प्रतिरोधी टाइप डिजाइन निर्देशिकामा आधारित रहेका छन्। यसरी पुनर्निर्माण गरिएका विद्यालयहरूले शिक्षाको गुणस्तर सुधार गर्नका लागि सम्भावित क्षेत्रीय केन्द्रको रूपमा काम गर्ने अपेक्षा गरिएको छ।



*निर्माणाधिन धर्मोदय माध्यमीक बिद्यालय, मिर्कोट, गोरखा*


*नवनिर्मित पथ प्रदर्शक माध्यमीक बिद्यालय, बडिखेल, ललितपुर*

## आवास

जाइकाको उद्देश्य सरकारको आवास पुनर्निर्माण कार्यक्रमलाई आर्थिक सहयोग मार्फत भूकम्प पीडितहरूको जीवन स्तर सुधार तथा पुनःस्थापना गर्ने हो। यो कार्यक्रम अर्न्तगत, लाभान्वित घरधुरीहरूले तीन किस्तामा भूकम्प प्रतिरोधी घर पुनर्निर्माण अनुदान प्राप्त गदर्छन्। भूकम्प प्रतिरोधी घर पुनर्निर्माणको कार्यविधि तर्जुमा गर्न र सो कार्यविधिको अनुपालना गर्दै आवास पुनर्निर्माण गर्न जाइकाले सहयोग गरेको थियो । यसका साथै, जाइकाले डकर्मी, इन्जिनियर तथा घरधनीहरूका लागि सुरक्षित निर्माणसम्बन्धी सीपहरूमा विषयगत तालिम सञ्चालन गरिरहेको छ। हाल, जाइकाको सहयोग गोरखा तथा सिन्धुपाल्चोक जिल्लामा केन्द्रित रहेको छ।


*डकर्मी तालिम*



*भूकम्प प्रतिरोधी आवासका निम्ति मार्गदर्शन पुस्तिका*

## अन्य पूर्वाधार

भूकम्प लगत्तै, जाइकाले तदारुक्ताका साथ जापानी अनुदान कार्यक्रम अन्तर्गत निर्माण भएका काठमाण्डौं -भक्तपुर सडक खण्ड र विपी राजमार्ग सिन्धुलीको भूकम्प प्रभावित स्थानहरूको पुनर्निर्माण गरेको थियो। जाइकाले अन्य पूर्वाधार जस्तैः अस्पताल, सडक, तथा पुलहरूको पनि निम्नानुसारका अनुदान कार्यक्रम अन्तर्गत पुनर्निर्माण गरिरहेको छः।

- काठमाण्डौंमा अस्पतालहरूको पुनर्निर्माण
- खानेपानी वितरण प्रणालीको पुनर्निर्माण चौतारा, सिन्धुपाल्चोक
- गोरखाको बाहृकिलो देखि बारपाकसम्मको सडक खण्डमा पर्ने पाँचवटा पुलको निर्माण


*परोपकार प्रसुति गृह अस्पतालको नमूना चित्र*


*निर्माणाधिन दरौंदी खोला पुल, ढोडेनी, गोरखा*


*नवनिर्मित जिल्ला कृषि विकास कार्यालय, चौतारा, सिन्धुपाल्चोक*

## साँस्कृतिक सम्पदा

जापानले भूकम्पले क्षति पुऱ्याएका साँस्कृतिक सम्पदाहरूको पुनर्स्थापनाको लागि जापानी विज्ञता पनि प्रदान गरिरहेको छ। निम्न सम्पदाहरूको पुनर्स्थापनाको कार्यमा सहयोग गर्नको लागि एकजना सम्पदा विज्ञलाई पुरातत्व विभागमा खटाइएको छ। यस सहयोगले नेपालका साँस्कृतिक सम्पदाहरूको पुनर्निर्माण तथा पुनर्स्थापनाको कामलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नको लागि पुरातत्व विभागको समग्र क्षमतामा अभिवृद्धि गर्ने अपेक्षा पनि राखिएको छ।

- काठमाडौं दरबार क्षेत्रमा शिव मन्दिर, आगँछेँ मन्दिर र हनुमान ढोका
- पाटन दरबार क्षेत्रमा देगु तल्ले मन्दिर


*आगँछेँ मन्दिर, बसन्तपुर*


*देगु तल्ले मन्दिर, पाटन*

## साना स्तरका सार्वजनिक पूर्वाधारहरू

भूकम्प प्रभावित क्षेत्रहरूमा सार्वजनिक सेवाहरूको गुणस्तर सुधार गर्नको लागि जाइकाले शीघ्र प्रभाव परियोजना मार्फत विभिन्न प्रकारका साना सार्वजनिक पूर्वाधारहरू पुनर्निर्माण गरिरहेको छ, जसमा निम्न पूर्वाधारहरू पर्दछन्।

- सिन्धुपाल्चोकमा मानेश्वरा र थोकर्पा गाविसका भवनहरू र गोरखामा बारपाक र सौरपानी गाविसका भवनहरू
- सिन्धुपाल्चोक चौतारामा जिल्ला कृषि विकास कार्यालयको भवन
- सिन्धुपाल्चोकको चौतारामा र गोरखाको बारपाकमा महिला तथा बालबालिका कार्यालयको भवन
- गोरखाको बारपाकमा स्वास्थ्य चौकीको भवन
- गोरखाको पालुङटार नगरपालिकामा आम्पिपल अस्पताल र ईलाका प्रहरी कार्यालय


*नवनिर्मित ईलाका प्रहरी कार्यालय, पालुङ्गटार, गोरखा*

## जीविकोपार्जन पुनरुत्थान

जाइकाले गोरखा र सिन्धुपाल्चोकमा भूकम्पको कारणले गर्दा जीविकोपार्जनको विकल्प नष्ट भएका वा क्षति पुगेका समुदायका सदस्यहरूलाई जीविकोपार्जन सुधार गर्नको लागि प्राविधिक सहायता पनि प्रदान गरिरहेको छ। यस अन्तर्गतका केही कार्यक्रमहरू निम्नानुसार छन् :

- गोरखाको बारपाक गाविसमा महिला समूहलाई बाख्रापालन
- महिला समूहहरूको लागि तरकारी खेतीको अभ्यासहरूमा सुधार
- विपन्न किसानहरूका लागि मकै तथा आलु खेतीको अभ्यासहरूमा सुधार
- उच्चस्तर बीउ प्रदान गरेर उत्पादनको गुणस्तरमा सुधार


*तरकारी किसानहरु, सिन्धुपाल्चोक*


*उच्च गुणस्तरीय खाद्यउत्पादन, सिन्धुपाल्चोक*


*बारपाकका महिलालाइ बाख्रा हस्तानतरण*

## पुनरुत्थान योजना तथा विपद् पूर्वतयारी

अझ सुदृढ पुनर्निर्माणमा आधारित जिल्ला पुनरुत्थान तथा पुनर्स्थापना योजना तर्जुमा गर्नका लागि जाइकाले गोरखा र सिन्धुपाल्चोक जिल्लालाई सहयोग गर्दछ। विपद् जोखिम न्यूनीकरणका लागि बृहत नीतिगत ढाँचाको आवश्यकता पूरा गर्न काठमाण्डौं उपत्यका उत्थानशीलता योजना पनि तर्जुमा गरिएको छ। साथै, जाइकाका परियोजनाहरूले यी दुई जिल्लाहरूका लागि पहिरो प्रकोप नक्शाको पनि विकास गरेको छ र काठमाण्डौं जिल्लाका लागि भूकम्प जोखिमको मूल्याङ्कन पनि गरेका छन्। यो लेखाजोखाले भविष्यमा आउन सक्ने भूकम्पबाट हुने सम्भाव्य मानवीय, पूर्वाधार, तथा आर्थिक क्षतिलाई विश्लेषण गरेको छ र माथि उल्लेखित योजनाहरूका लागि वैज्ञानिक आधार प्रदान गर्दछ।